# नेपाल बाल संगठनको विधान

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मंत्रालय
प्रचार तथा प्रसार विभाग

321.8
HMG
2018

# नेपाल बाल संगठनको विधान

१. **नामः–**

संगठनको नाम " नेपाल बाल संगठन" रहनेछ ।

२. **केन्द्रीय कार्यालयः–**

संगठनको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

३. **उद्देश्यहरूः–**

संगठनको उद्देश्य निम्नलिखित हुनेछः–

(क) बालक र बालिकाहरूको शारीरिक विकासको साथै उनीहरूको बौद्धिक र मानसिक प्रतिभाको जागृतिको लागि कार्य गर्ने ।

(ख) बालक र बालिकाहरूमा राष्ट्रप्रेम र राजभक्तिको भावना भरी उनीहरूलाई भविष्यका असल नागरिक बनाउन प्रयत्न गर्ने ।

**४. सदस्यता:-**

(क) संगठनको विधान र नियम स्वीकार गर्ने १६ वर्षमुनिका बालक तथा बालिका नेपाल बाल संगठनको सदस्य बन्नसक्नेछ ।

(ख) सदस्यले प्रत्येक वर्ष ।२५ (पच्चीस) पैसा सदस्यता शुल्क बुझाउनु पर्नेछ ।

(ग) प्रारंभिक तह बाहेक अरू सबै तहको कार्य समितिमा निर्वाचित सदस्यको अतिरिक्त सदस्यहरूलाई संगठनको सञ्चालनमा निर्देशन गर्ने उद्देश्यले श्री ५ को सरकारले सभापति, कोषाध्यक्ष तथा सचिवको पदमा

गैर बालक या बालिकालाई मनोनित गर्न सक्नेछ ।

५. संगठनः–

(क) प्रारंभिक संगठनः–

(१) संगठनको प्रारंभिक तह साधारणतया ग्राम पञ्चायत तथा नगरपालिका क्षेत्र हुनेछ । तर, ग्राम पञ्चायतहरूको गठन नभएसंम घटीमा सय सदस्यहरू भएको ग्राम वा ग्रामहरूको समूहलाई प्रारंभिक तह मानिनेछ । यस तहका सबै सदस्यहरू स्वतः प्रारंभिक परिषद्का सदस्य मानिनेछन् ।

(२) प्रारंभिक परिषद्ले उपसभापतिको बेग्लै र अरू सदस्यहरूको समूह रूपमा गरी

जम्मा ७ सदस्यहरू भएको १ कार्य–समिति चुन्नेछ।

(ख) जिल्ला संगठनः–

(१) जिल्लाभित्रका सबै प्रारंभिक कार्य–समितिका सदस्यहरू जिल्ला अधिवेशनका प्रतिनिधि हुनेछन् र यिनले जिल्ला संगठनको उपसभापति चुन्नेछन्।

(२) जिल्लाभित्रका प्रत्येक प्रारंभिक कार्य–समितिबाट एक एक प्रतिनिधि लिई जिल्ला संगठनको परिषद् बन्नेछ र यसले जिल्ला कार्य–समितिको लागि ५ सदस्यहरू चुन्नेछ।

(ग) अञ्चल संगठनः–

(१) अञ्चल सभापतिको सिफारिशमा श्री ५ को सरकारले

जिल्ला परिषद्का सदस्यहरू मध्येबाट सभापति लगायत ११ जनाको कार्य–समिति गठन गर्नेछ ।

(२) अञ्चल कार्य–समितिले आफूहरू मध्येबाट एक उपसभापतिको चुनाव गर्नेछ ।

(३) अञ्चल कार्य–समितिले अञ्चलभित्रका सबै जिल्ला कार्य–समितिहरूलाई अंचलभित्रको कुनै उपयुक्त ठाउंमा भेला गरी घटीमा वर्षको एकपटक अंचल मिलन उत्सव मनाउनेछ

(घ) केन्द्रीय संगठन:–

(१) श्री ५ को सरकारले बालक, बालिकाहरूको मनोविज्ञानसंग परिचित भएको कुनै समाजसेवी व्यक्तिलाई नेपाल बाल

संगठनको सभापति मनोनीत गर्नेछ ।

(२) सभापतिको सिफारिशमा श्री ५ को सरकारले सभापति लगायत १५ जनाको एक कार्य – समिति गठन गर्नेछ ।

(३) कार्य–समितिले आफूहरू मध्येबाट एक उप-सभापतिको चुनाव गर्नेछ ।

(४) कार्य–समितिले विभिन्न अञ्चलमा कार्य – समितिका सदस्यहरूलाई कुनै एक ठाउंमा घटीमा वर्षको एक-पटक आमन्त्रित गर्नेछ । यस संमेलनले नेपाल बाल संग-ठनको केन्द्रीय परिषद्को कार्य गर्नेछ ।

६. **कार्यविधि–**

(क) संगठनको प्रारंभिक र जिल्ला तहको

कार्यावधि साधारणतया १ वर्षको र अञ्चल कथा केन्द्रको ३ वर्षको हुनेछ।

(ख) संगठनको अघिल्लो परिषद् र कार्य–समितिको कार्यावधि समाप्त भै अर्को परिषद् र समितिको गठन नहुञ्जेल कार्यावधि समाप्त भए पनि अघिल्लो परिषद् र समितिबाट नै कार्य सञ्चालन भइरहने छ। तर, यसको समय तीन महीनाभन्दा बढी हुनेछैन ।

७. **केन्द्रीय परिषद् :–**

(क) "केन्द्रीय परिषद्" ले निम्नलिखित कार्यहरू गर्नेछ:–

(१) संगठनको उद्देश्य प्राप्तिका लागि कार्यक्रम तथा तत्सम्बन्धी नीति निर्धारण गर्नको लागि श्री ५ को सरकारलाई सिफारिश गर्ने ।

(२) केन्द्रीय कार्य–समितिद्वारा भएका कार्यमा विचार गर्ने तथा कार्य–समितिलाई निर्देशन दिने ।

(३) संगठनको बजेट स्वीकार गर्ने, आयव्ययको हिसाब अडिटरद्वारा जंचाई फारक दिने ।

(४) संगठनको विधानमा संशोधन गर्न आवश्यक देखिएमा श्री ५ को सरकारमा सुझाव पेश गर्ने ।

**८. केन्द्रीय कार्य–समितिः–**

(क) केन्द्रीय कार्य – समितिले निम्नलिखित कार्यहरू गर्नेछः–

(१) श्री ५ को सरकारद्वारा निर्धारित नीति र कार्यक्रमको कार्यान्वितिको लागि कार्य गर्ने ।

(२) केन्द्रीय संगठनको दैनिक कार्य सञ्चालनको लागि कार्यहरू गर्ने ।

(३) तल्लो तहको संगठनलाई आवश्यकतानुसार नीति र निर्देशन दिने तथा अनुशासनको कार्यवाही गर्ने ।

(४) केन्द्रीय संगठनको बजेट तथा कार्यक्रम तयार गरी केन्द्रीय परिषद्मा पेश गर्ने ।

(५) केन्द्रीय संगठनको आयव्ययको हिसाब राख्ने तथा चल अचल संपत्तिको संरक्षण गर्ने ।

(६) सभापतिद्वारा भएका कार्यहरूको अनुमोदन गर्न विचार गर्ने ।

(ख) केन्द्रीय कार्य–समितिको बैठक घटीमा वर्षको ३ पटक हुनेछ ।

६. **सभापतिः–**

(क) सभापतिले निम्नलिखित कार्य गर्नेछः–

(१) संगठनको संचालनको प्रमुख उत्तरदायित्व वहन गर्ने ।

(२) संगठनको दैनिक कार्य संचालन गर्ने ।

(३) संगठनको तर्फबाट सरकार वा अन्य संस्थाहरूसंग संपर्क राख्ने ।

(४) कुनै महत्वपूर्ण कमिशन, बोर्ड, सभा, संमेलन आदिमा संमिलित हुन सचिवको परामर्श लिएर प्रतिनिधि वा प्रतिनिधिमण्डल मनोनीत गर्ने ।

(५) कार्य – समितिको कुनै सदस्यलाई सम्बन्धित समितिबाट अनुशासनको कारवाही हुने गरी वा नगरी निलम्बन गर्ने वा सदस्यताबाट हटाउन श्री ५ को सरकारलाई सिफारिश गर्ने ।

(६) संगठनको सबै तहको कार्य संचालनमा आवश्यक निर्देशन दिने ।

(७) कोषाध्यक्षको परामर्श लिएर आवश्यक परेमा अन्तर्गत संगठनहरूलाई आर्थिक सहा-यता प्रदान गर्ने ।

(८) केन्द्रीय कार्य–समिति वा केन्द्रीय परिषद् वा आवश्यक परेमा अरू समितिहरूको सभाको सभापतित्व गर्ने ।

**१० उप–सभापति:–**

उप–सभापतिले सभापतिको अनुपस्थितिमा सचिवको परामर्श अनुसार सभापतिको कार्य गर्नेछ ।

**११ कोषाध्यक्ष:–**

(क) कोषाध्यक्षले निम्नलिखित कार्य गर्नेछ:–

(१) केन्द्रीय संगठनको बजेट तर्जुमा गर्ने, आयव्ययको हिसाब राखी दैनिक खर्चको संचालन गर्ने ।

(२) केन्द्रीयकार्य–समितिका तर्फबाट केन्द्रीय परिषद्‌मा बजेट र आयव्ययको हिसाब पेश गर्ने ।

(३) अन्तर्गतका संगठनलाई बजेट तथा आयव्ययको हिसाबका सम्बन्धमा परामर्श दिने ।

१२ **सचिव**:–

(क) सचिवले निम्नलिखित कार्य गर्नेछ:–

(१) केन्द्रीय संगठनको दैनिक कार्य सञ्चालनमा सभापति-लाई मद्दत गर्ने ।

(२) केन्द्रीय संगठनको कार्यालयको सञ्चालन गर्ने ।

(३) सभापतिको निर्देशानुसार केन्द्रीय परिषद् तथा केन्द्रीय कार्य–समितिको लागि कार्यसूची तयार पारी सभा बोलाउने तथा सभाको निर्णय तयार गर्ने ।

१३. संगठनका प्रारंभिक, जिल्ला तथा अञ्चल तहका परिषद्, समिति र पदाधिकारीहरूको आफ्नो क्षेत्रभित्र केन्द्रीय परिषद्, कार्यसमिति र त्यसका पदाधिकारीहरू सरहको अधिकार र कर्तव्य हुनेछ ।

१४ **चुनाव**:–

संगठनका सबै तहका चुनाव गुप्त मतदा प्रणाली अनुसार हुनेछ ।

१५. **गणपूरक तथा निर्णयात्मक संख्या** :–

(क) संगठनको परिषद् या समितिको सभाको गणपूरक संख्या सम्बन्धित परिषद् या समितिको सदस्य संख्याको चतुर्थांश हुनेछ ।

(ख) जुनसुकै सभाको उपस्थितिको बहु संख्याको मत निर्णयात्मक मानिनेछ ।

(ग) विधानमा संशोधन तथा अविश्वासको प्रस्ताव सम्बन्धी निर्णयका लागि जुनसुकै परिषद्को सदस्य संख्याको दुइ तिहाइ मत अनिवार्य हुनेछ ।

१६. **अविश्वासको प्रस्ताव**:–

परिषद्का एक तिहाइ सदस्यहरूले आफ्नो क्षेत्रभित्रका सम्बन्धित पदाधिकारीमाथि लिखित रूपमा अविश्वासको प्रस्ताव सचिवमार्फत परिषद्मा पेश गर्न सक्नेछन्।

१७. **हिसाब जांच**:–

संगठनको हिसाब जाँच गर्ने बेला बेलामा श्री ५ को सरकारले अडिटर खटाउन सक्नेछ ।

१८. **अस्थायी समितिहरू**:–

विधानमा उल्लेख गरे अनुसार संगठनको केन्द्र, अञ्चल तथा जिल्लामा विभिन्न परिषद्

तथा समितिहरू गठन नहुञ्जेल संगठनको उद्देश्य प्राप्तिका लागि श्री ५ को सरकारले केन्द्र, अञ्चल तथा जिल्लामा अस्थायी समितिहरू मनोनीत गर्नसक्नेछ । यस किसिमका अस्थायी परिषद् तथा समितिहरूको विधानमा लेखिए बमोजिम स्थायी परिषद् तथा समितिहरू सरहको अधिकार र काम हुनेछ ।

१९. **रिक्त स्थानको पूर्ति:-**

कुनै कार्य-समितिमा पदाधिकारी वा सदस्यको कुनै स्थान खाली हुनगएमा चालू अवधिको निमित्त अर्को चुनाव नहुञ्जेल सो रिक्तस्थान पूर्ति गर्ने अधिकार केन्द्रीय कार्य-समितिलाई हुनेछ । केन्द्रीय कार्य-समितिमा यस्तो कुनै स्थान खाली भएमा कार्य-समितिको सिफारिशमा श्री ५ को सरकारले सदस्य मनोनीत गर्नेछ ।

२०. **विधानमा संशोधन:-**

संगठनको अस्थायी केन्द्रीय कार्य-समिति

खडा भएको मितिले २ वर्षसम्म श्री ५ को सरकारले कार्य–समितिलाई सूचित गरेर विधानमा संशोधन गर्नसक्नेछ। २ वर्षको अवधि पूरा भएपछि केन्द्रीय परिषद्को सुझावमा मात्र विधानमा संशोधन हुन सक्नेछ।

---

श्री ५ को सरकार, राष्टिय निर्देशन मन्त्रालय
प्रचार तथा प्रसार विभाग

प्रथम पटक २००० प्रति
श्रावण ३१ गते, २०१८ वि. सं.

गोरखापत्र छापाखानामा मुद्रित ।